# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १३, बैशाख २०७८
www.ntv.org.np

## प्रकाशकीय

*नेपाल टेलिभिजन संस्थानले गरेका विभिन्न काम र क्रियाकलापहरुका बारेमा सरोकारवाला, दर्शक एवम् सम्वन्धित सबैको जानकारीका लागि २०७७ साल बैशाख महिनादेखि मासिक रुपमा प्रकाशन गरिंदै आएको इबुलेटिन प्रकाश आरम्भ भएको एक बर्ष पुरा भएको छ । सार्वजनिक संस्थान भएका कारण नेपाल टेलिभिजन संस्थान भित्र भएका र यसले गरेका गतिविधिहरुका बारेमा सार्वजनिक जानकारी गराउनुलाई संस्थानले आफ्नो प्राथमिक दायित्व ठान्दै आएको छ । राष्ट्रिय माध्यम हुनुका नाताले हामीले विविध विषयसंग सम्वन्धित सूचना आफ्ना दर्शकहरुसम्म पुऱ्याउन हरसंभव प्रयत्न गरीरहेका छौं । विगत एक बर्ष देखि हरेक महिना प्रकाशन भइरहेको इबुलेटिन हाम्रो त्यहि प्रतिवद्धता र प्रयास हो । यहाँहरुले दिनुहने अमूल्य सुझाव, सल्लाह र परामर्शले हामीलाई थप प्रेरणा र हौशला दिने विश्वास लिएका छौं । धन्यवाद । - इबुलेटिन कार्यदल*

## यस अंकमा

- प्रशासनः स्वास्थ्य महामारी विरुद्धको सक्रियता
- समाचारः समाचारमा स्वास्थ्य सरोकार
- राष्ट्रिय प्रसारणः कोभिड १९ सम्बन्धि कार्यक्रम
- एनटिभी प्लसः नियमितसंगै नयाँ कार्यक्रम निर्माण
- व्यापार महाशाखाः आगामी आ.व. को व्यापारिक शर्त तयारीको अग्रसरता
- अपरेशन महाशाखाः कार्यक्रम छायाङ्कन र उत्पादनको काम
- प्रत्यक्ष प्रसारणः प्रत्यक्ष प्रसारणका प्राथमिकता
- आर्थिक प्रशासन महाशाखाः नियमित भुक्तानी र असुलीको निरन्तरता
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्ध
- एनटिभी कोहलपुरः तीन गुणा बढी व्यापार तय
- एनटिभी इटहरीः कार्यक्रम उत्पादनमा कोरोनाको प्रभाव

## स्वास्थ्य महामारी विरुद्धको सक्रियता

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमण पुन: बढ्दै गएको अवस्थामा नेपाल टेलिभिजनको नियमित कार्यहरुलाई व्यवस्थित गर्न प्रशासन महाशाखाले कर्मचारीहरुले स्वास्थ्य सुरक्षाका लागि विभिन्न उपायहरु अवलम्वन गरेको छ । कार्यस्थलको अधिकतम सुरक्षा सावधानीका निम्ति आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा २०७६ चैत १० गते नायव महाप्रबन्धक (प्रशासन) को संयोजकत्वमा गठित Rapid Response Team लाई पुन: सक्रिय गराइएको छ । सो Team लाई स्थलगत अनुगमनका आधारमा आवश्यक सूचना एवं सहयोग उपलब्ध गराउन Covid Action Team गठन गरिएको छ । साथै कार्यस्थल र अन्य अवस्थामा समेत कोभिड-१९ बाट बच्न र बचाउन नेपाल सरकारबाट जारी स्वास्थ्य मापदण्ड एवं संस्थानबाट जारी मापदण्ड, निर्णय तथा निर्देशनहरु अनिवार्य पालना गर्न समेत सबैमा अनुरोध गरिएको छ ।

## निषेधाज्ञामा पनि नियमितता

कोभिड-१९ को संक्रमण तीव्र रुपमा बढ्दै गएको सन्दर्भमा नेपाल सरकारको निर्णय र काठमाडौं उपत्यकाका तीनवटै जिल्ला प्रशासन कार्यालयहरुबाट २०७८ बैशाख १६ गतेदेखि निषेध आदेश जारी भएको अवस्थामा नेपाल टेलिभिजन संस्थानको कार्य सञ्चालन नियमित राख्नका लागि आवश्यक पर्ने न्यूनतम कर्मचारीको ड्यूटी तालिका बनाई सोही अनुरुप काममा लगाउने व्यवस्था मिलाइएको छ । कार्यप्रकृति अनुरुप घरबाटै काम गर्नसक्ने Work From Home को अवधारणा पनि लागु गरिएको छ । सार्वजनिक यातायात प्रयोग गर्नुपर्ने कर्मचारीका लागि अवस्था हेरी संस्थानबाट यातायातको व्यवस्था मिलाइएको छ ।

## निसंक्रमण र स्वास्थ्य सतर्कताको निरन्तरता

कोरोना भाइरस रोगको संक्रमणबाट जोगिन सुरक्षा सतर्कतासँगै जोखिमलाई न्यूनीकरण गर्न स्टूडियो रुम, समाचार कक्ष, इन्जेस्ट रुम लगायतका स्थानहरु, कार्यालय कोठाहरु र सवारी साधनहरुलाई निसंक्रमण (Disinfection) गर्ने लगायतका सावुन पानीले हात धुने व्यवस्थाका साथै स्यानिटाइजर लगायतका स्वास्थ्य सामग्रीहरुको व्यवस्थालाई निरन्तरता दिइएको छ। यसको बावजुद पनि यो महिना नेपाल टेलिभिजनमा आबद्ध कर्मचारी, सञ्चारकर्मी, कार्यक्रम प्रस्तोता लगायतका ३८ जना व्यक्तिहरु कोभिड १९ बाट संक्रमित हुनुभएको छ । संक्रमितमध्ये कोही स्वास्थ्यलाभ गरी कार्यालयको नियमित काममा फर्की सक्नु भएको छ भने कोही घरमै स्वास्थ्यलाभ गरिहनु भएको अवस्था छ । साथै संस्थानका कर्मचारीहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी अझै थप प्रभावकारी किसिमले सतर्कता अपनाउने सिलसिलामा संस्थानको मूलगेट लगायत प्रशासनिक भवन, इञ्जिनियरिङ भवन, कार्यक्रम भवन तथा एनटिभि प्लस भवनमा सेन्सरसहितको ह्याण्ड स्यानिटाइजर मेसिन जडान गरिएको छ ।

## कर्मचारीको विदाइ कार्यक्रम

नेपाल टेलिभिजन संस्थानको सेवामा मिति २०४५।१०।१६ देखि प्रवेश गर्नुभई पछिल्लो समय सञ्चालक समितिका सदस्य एवं समाचार महाशाखाको निर्देशकको रुपमा कार्यरत श्री मनोहरि थापा मिति २०७७।०१।१३ देखि संस्थानको सेवाबाट अनिवार्य अवकाश हुनुभएको हुँदा उँहालाई नेपाल टेलिभिजन व्यवस्थापन, सञ्चालक समिति र समाचार च्यानलले छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी विदाई गरियो । उक्त विदाइ कार्यक्रमहरुमा उपस्थित हुनुभई संस्थानका कार्यकारी





अध्यक्ष डा. महेन्द्र विष्ट, सञ्चालक समितिका सदस्यज्यूहरु लगायत नेपाल टेलिभिजन कर्मचारी संघ, नेपाल टेलिभिजन कर्मचारी युनियन, नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका प्रतिनिधि, समाचार शाखाका सहकर्मी तथा कर्मचारीहरुले अनिवार्य अवकाश पाउनुभएका थापाको सुस्वास्थ्य, दीर्घायुका साथसाथै वहाँहरुको आगामी सुखमय जीवनको कामना गर्नुभयो । यसैगरी संस्थानको सेवामा मिति २०४२।०२।१८ प्रवेश गरी कार्यालय सहयोगी पदका कार्यरत श्री बद्रीबहादुर देशारले मिति २०७७।०१।१९ देखि उमेरहदका कारण संस्थानको सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएकोले उहाँको सम्मानमा पनि व्यवस्थापन र कर्मचारीका तर्फबाट विदाइ कार्यक्रमको आयोजना गरियो ।

## सञ्चालक समिति सदस्यमा चटौत नियुक्त



नेपाल टेलिभिजनको सञ्चालक समिति सदस्यमा आरती चटौत नियुक्त हुनुभएको छ । टेलिभिजनका कर्मचारीहरूको तर्फबाट चौटत टेलिभिजनको सञ्चालक सदस्यमा नियुक्त हुनुभएको हो । उँहा टेलिभिजनकै निमित्त नायव महाप्रबन्धक (कार्यक्रम) पदमा कार्यरत हुनुहुन्छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट उहाँ सञ्चालक समिति सदस्यमा नियुक्त हुनुभएको हो ।

## राजनीतिक घटनाक्रमको समाचार रफ्तार

बैशाख महिना राजनीतिक घटनाक्रमका हिसावले महत्वपूर्ण रह्यो । सबैको चासो जोडिएको राजनीतिक विषयवस्तुहरु त्यसै कारणले बैशाख महिनाभर नै प्रमुख समाचार बनि नै रह्यो । दलहरुको आन्तरिक राजनीति, अन्तरपार्टी सम्वन्ध र त्यससंग जोडिएको मुलुकको समग्र राजनितिक घटनाक्रम समाचारका प्राथमिकतामा परे । विघटित प्रतिनिधि सभाको पुनर्स्थापना, संसदमा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको विश्वासको मतको प्रस्ताव माथिको मतदान, राष्ट्रपति विद्यादेवी भण्डारीबाट बहुमतीय सरकार गठनका लागि भएको आह्वान, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पुनः प्रधानमन्त्री नियुक्त, मन्त्रिपरिषद् गठन लगायत राजनीतिक विषयवस्तु यो महिना समाचार च्यानलबाट प्रत्यक्ष प्रसारण भए भने समाचार बुलेटिनहरुको प्राथमिक विषय बने ।  तत्काल सृजित राजनीतिक घटनाक्रमसंगै त्यससंग जोडिएका आर्थिक समाजिक विषयवस्तुका समाचारहरु पनि निर्माण र प्रसारण भएका छन् ।

## समाचारमा स्वास्थ्य सरोकार

कोभिड-१९ र त्यसले निम्त्याएको महामारीको संकट अझै उस्तै छ । कोरोनाभाइरसबाट संक्रमितहरुको संख्या अझैपनि बढिरहेकै अवस्थामा सबैको चासो र सरोकार यो महामारीको नियन्त्रण र रोकथाममै केन्द्रीत छ । मध्य बैशाख देखिको निषेधआज्ञाका कारण काठमाडौं उपत्यका सहित देशभरको जनजीवन प्रभावित बनेको छ । संक्रमणको त्रास त छदै छ त्यसमाथि दैनिक जीवनयापन कसरी भन्ने आमसरोकार पनि उत्तिकै छ । यस्तोमा संक्रमण नियन्त्रण र रोकथामका लागि सरकार र अन्य तहबाट भइरहेका काम र प्रयासहरुको समाचार संप्रेषण संगै महामारी विरुद्ध लड्न सबैमा सामुहिकताको भावना जगाउने समाचार र समाचारूलक कार्यक्रमहरु निरन्तर प्रसारण भइरहेका छन् । देशकै अग्रणी र राष्ट्रिय प्रसारण संस्था भएको विशेष दायित्व भएका कारण स्वास्थ्य महामारीबाट आफूपनि जोगिंदै र अरुलाई पनि जोगाउने अभिभारा समाचारले पूरा गर्दै आएको छ । महामारी सम्वन्धमा तथ्यपरक र यथार्थ उपयोगी सूचना तथा समाचार दिई सरकार, सरोकारवाला निकाय र आमनागरिकहरुलाई जागरुक, सुसूचित र सचेत बनाउने काम हुँदै आएको छ ।

## नेपाल टेलिभिजन राष्ट्रिय प्रसारण

२०७८ सालको नयाँ वर्षको प्रथम महिनामा नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणबाट नियमित कार्यक्रमका अतिरिक्त कोभिड १९ को रोकथाम, उपचार र जनताको प्रत्यक्ष सरोकारका विषयमा उत्पादन र प्रसारण केन्द्रित भयो । त्यसैगरी नेपाल सरकारले सूचना प्रविधि क्षेत्रमा गरेको उल्लेखनीय प्रगतिमा समेत कार्यक्रम र प्रत्यक्ष प्रसारण केन्द्रित भए ।

## कोभिड १९ सम्बन्धि कार्यक्रम

प्रधानमन्त्रीको सम्बोधन, मन्त्रिपरिषद् बैठकको निर्णय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस ब्रिफिङ, कोरोना केयर सम्वाद, कोभिड हटलाइन दैनिक प्रत्यक्ष प्रसारण, नयाँ जनचेतनामूलक सन्देशहरु निर्माण र प्रसारण एवं सूचनाहरुलाई स्क्रोलमार्फत प्रसारण गर्ने लगायत विभिन्न कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले यो महिनामा गरेको छ ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रहरुमा पनि यो महिना कोभिड १९ को रोकथाम, उपचार र जनताको प्रत्यक्ष सरोकारका विषयमा उत्पादन र प्रसारण केन्द्रित भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथिली भाषाको चौवटीया कार्यक्रमहरुमा पनि सूचना र सन्देशमूलक समग्रीहरु प्रसारण भए ।

## सूचना प्रविधि दिवस विशेष सन्दर्भ

मे २ अर्थात बैसाख १९ गते परेको सूचना प्रविधि दिवस विशेष कार्यक्रमहरु प्रसारण गरियो । प्रधानमन्त्रीले भर्चुअल माध्यमबाट गर्नु भएको उद्घाटन र सम्बोधन एवं संचार तथा सूचना प्रविधि मन्त्रीको सम्बोधन, अन्य सम्बन्धित संस्थाका प्रतिनिधिको सन्देश आदिको प्रत्यक्ष प्रसारण, विशेष वृत्तचित्र, परिसम्वाद उत्पादन र प्रसारण यो अवसरमा नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणबाट गरियो ।

## नयाँ र नियमित कार्यक्रमको निरन्तरता

विरुवाहरुलाई कलात्मक स्वरुप दिने कलामा आधारित वृत्तचित्र श्रृंखला बोनसाईको प्रसारण यसै महिनाबाट शुरु भएको छ । यो महिना धरहरा उद्घाटन समारोह, समृद्ध नेपालको आधार आदि प्रत्यक्ष प्रसारण पनि भए । यो महिना नियमित कार्यक्रमहरु दोहोरी च्याम्पियन, संघर्ष, दलित सवाल, सूचना मेरो हक, जनस्वास्थ्य बहस, रोजगार हाम्रो सरोकार, परीक्षा सवाल र हाम्रो उच्च शिक्षा प्रसारण भए । यसैगरी शिक्षाको चौतारी, समृद्ध नेपाल, सुरक्षित नेपाल, आजको चर्चा, मेरो देश मेरो संगित, महिला अधिकार, सुशासन सवाल, आजको विज्ञान, संसद फोकस, भूमिमा प्रविधि, कानूनका कुरा, डिजिटल नेपाल, सृजनाका सारथी, चौतारी, चिल्ड्रेन्स क्लब, टेलिफिल्म जीवनचक्र निर्माण तथा प्रसारण भए ।

यसका साथै धार्मिक कार्यक्रमहरु ज्योतिष मन्थन, विश्वास र योग र जीवन, प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु कृषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, सफल कृषक, कृषिमा महिला, कृषि गतिविधि र कृषि टेलिफिल्म भरोषा निर्माण तथा प्रसारण भए ।

आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आएको छ ।




## नियमित र नयाँ कार्यक्रमहरुको निरन्तरता

स्वास्थ्य महामारीको अहिलेको विषम अवस्थामा पनि नेपाल टेलिभिजन एनटिभी प्लस च्यानलको नियमित प्रसारण भैरहेको छ । आन्तरिक उत्पादन/प्सारण हुने केही कार्यक्रमहरुको उत्पादन कोभिड १९ संक्रमण जोखिमका कारण हाल स्थगित गरिएको र सो कार्यक्रमको प्रसारण समयमा तिनै कार्यक्रमका पुन: प्रसारण योग्य श्रृंखलाहरु प्रसारण गरिएका छन् ।

यसैगरी दैनिक उत्पादन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम स्वस्थ्य जीवनको उत्पादन प्रसारण नियमित रुपमा भइरहेको छ । यो कार्यक्रममा कोरोना संक्रमण जोखिम एवं रोकथाम र वच्ने उपायहरु बारे सामाग्रीहरुलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

वैशाख महिनामा कोभिड १९ स्वास्थ्य सम्बन्धी २५ वटा चेतनामूलक सन्देश उत्पादन प्रसारण गरिएको छ ।

प्रायोजित कार्यक्रम तर्फ कृषि अनुसन्धान र प्रविधि नामको कार्यक्रम नियमित उत्पादन भई प्रसारण गरिएको छ ।



## आगामी आ.व. को व्यापारिक शर्त तयारीको अग्रसरता

कोभिड १९ को दोस्रो लहरले जनस्वास्थ्यमा पारेको नकारात्मक प्रभावबाट जनताको स्वास्थ्य सुरक्षा र जीउधनको संरक्षणका लागि नेपाल सरकारले २०७८ बैशाख १६ बाट जारी गरेको निषेधाज्ञाको कारण विज्ञापन एजेन्सीहरुले नयाँ कार्यक्रम निर्माण गर्न नसकेको अवस्थाले ब्यापारिक आम्दानीमा केही नकारात्मक प्रभाव पर्न सक्ने अवस्था देखिएको छ । यस किसिमको बाधा अवरोधलाई छिचोलेर पनि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुबाट बैशाख महिनामा मात्र थप रु. १ करोड १ लाख ७३ हजारको सम्झौता सम्पन्न भएको छ । आ.ब.२०७७/०७८ को लागि २०७८ वैशाख मसान्त सम्म पाँच वटै च्यानलको करिव रु ५७ करोड ५० लाखको सम्झौता सम्पन्न भईसकेको छ ।

सामान्य अवस्था भएको भए नेपाल टेलिभिजनले बैशाखको अन्तिम सम्ममा आगामी आ.ब.२०७८/०७९ का लागि बोलपत्र आह्वान गरिसकेको हुने थियो । गत आ.ब.मा पनि यसै किसिमको असामान्य अवस्थामा एजेन्सीहरुलाई कोभिड १९ का लागि विशेष सुविधा उपलब्ध गराई सबै सम्झौता नविकरण गरी यस आ.ब.२०७७/०७८ मा संस्थानको आम्दानी घट्न नदिने मात्र होइन अत्याधिक बृद्धि गर्न सफल भएको छ । यस आ.ब.मा पनि कोभिड १९ को दोस्रो लहरले गत बर्षकै जस्तो अवस्था सिर्जना भएकाले जन जीवन सामान्य नभई बोलपत्र आह्वान गर्न सक्ने अवस्था रहेको देखिन्न । हरेक आर्थिक बर्षका लागि ब्यापारिक योजना सहितको दररेट सञ्चालक समितिबाट स्वीकृत हुनु पर्ने भएकाले दररेट तथा सेवा शर्त तयारीका लागि २०७८ बैशाखको महिना देखिनै बोलपत्र मुल्याङ्कन समितिमा छलफल शुरु भइसकेको छ । जेठको पहिलो हप्ता सम्ममा समितिको प्रतिवेदन संस्थान प्रमुख समक्ष पेश गर्ने लक्ष्य सहित छलफल भइरहेको छ ।

कोभिड १९ का कारण संकुचन भएको विज्ञापन बजारका बावजुत पनि नेपाल टेलिभिजनको बार्षिक सम्झौता रकम बृद्धि हुदै गएको छ । अहिलेको कोभिड १९ को दोस्रो लहरको उच्च जोखिममा पनि सरकारी,निजी क्षेत्र तथा गैरसरकारी निकायहरुसंगबाट प्राप्त अर्डर अनुसार प्रशस्त विज्ञापन प्रसारण भै रहेको छ । कार्यक्रम निर्माण तथा प्रसारण सहकार्यका लागि टेलिफोन तथा अनलाईन प्रविधिबाट छलफल तथा बैठकहरु सम्पन्न भै रहेको छ । अहिलेको कोभिड १९ दोस्रो लहरको विषम परिस्थितिको उच्च जोखिममा पनि विज्ञापन शाखामा नियमित काम भै रहेको छ । यस विषम परिस्थितिमा पनि नियमित संस्थानको व्यापारिक आम्दानी बृद्धि गर्ने कार्य हुदै आईरहेको छ ।

## लोककल्याणकारी विज्ञापन लगायत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट लोककल्याणकारी विज्ञापन प्रसारणका लागि मन्त्रालयको निर्णय अनुसार मिति २०७८।०१।०३ को पत्र मार्फत प्रति च्यानलका लागि रु १०,९८,३६०।०० का दरले संस्थानका ५ वटै च्यानलका लागि जम्मा रकम मू.अ.कर सहित रु.५४ लाख ९१ हजार ८०० को लोक कल्याणकारी विज्ञापन प्रसारणका लागि अर्डर प्राप्त भएको छ । त्यसै गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२१ को कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन प्रत्यक्ष प्रसारण, बृत्तचित्र तथा परिसम्वाद कार्यक्रमका लागि दुर सञ्चार प्राधिकरण संग सहकार्य तथा भारतीय पर्यटकलाई नेपालमा आकर्षण गर्ने गरी बृत्तचित्र निर्माणको लागि नेपाल टुरिजम बोर्ड संग सम्झौता लगायतका काम समेत बैशाख महिनामा सम्पन्न भएका छन् ।



## कार्यक्रम छायाङ्कन र उत्पादनको काम

अपरेशन महाशाखा अन्तर्गत छायाङ्कन तथा ध्वनि शाखा तथा दृश्य सम्पादन शाखाका कर्मचारीहरुको संलग्नतामा २०७८ बैशाख महिनामा सम्पन्न भएका कार्यहरुः

### कार्यक्रम/समाचार उत्पादन तथा प्रसारणः

बैशाख महिनामा अपरेशन महाशाखाका कर्मचारीहरु संलग्न भै कोभिड–१९ का विषयमा आम नागरिकलाई सचेत बनाउने उद्देश्यले स्टुडियोमा दैनिक स्वस्थ जीवन, दैनिक कोभिड हटलाइन, साप्ताहिक कोरोना केयर र हप्तामा २ दिन स्वास्थ्य मन्त्रालयको प्रेस ब्रिफिङ्गको उत्पादन र प्रत्यक्ष प्रसारण सम्पन्न भए । यसका अलावा यो महिनामा राष्ट्रिय महत्वका विभिन्न कार्यक्रमहरुको उत्पादन/प्रत्यक्ष प्रसारण र सिमित कर्मचारीहरु उपस्थित भै समाचार तथा कार्यक्रमहरुको नियमित OUTDOOR छायाङ्कन, दृश्य सम्पादन तथा डबिङ्ग समेत सम्पन्न भएका छन् ।

### प्रत्यक्ष प्रसारणः

विगतका महिनाहरुमा जस्तै बैशाख महिनामा पनि नेपाल टेलिभिजनका च्यानलहरुबाट विविध राष्ट्रिय सन्दर्भहरुको प्रत्यक्ष प्रसारण भएको छ । महत्वपूर्ण राष्ट्रिय घटनाक्रम, राष्ट्र एवम् सरकार प्रमुखका सम्बोधनहरु, सरकारका प्रवक्ताले गर्नुहुने पत्रकार सम्मेलन एवम् सन्दर्भ विशेष कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण बैशाख महिनामा भएका छन् । बैशाख महिनामा भएका प्रमुख घटनाक्रमको प्रत्यक्ष प्रसारणः

१. बैशाख १ गते सम्माननीय प्रधानमन्त्रीबाट नयाँ वर्षको शुभारम्भको अवसरमा देशवासीको नाममा सम्बोधनको प्रत्यक्ष प्रसारण गरिएको ।

२. बैशाख ११ गते ऐतिहासिक धरहराको पुननिर्माण कार्यको प्रधानन्त्रीज्यूबाट उद्घाटन ।

३. बैशाख १९ गते समृद्ध नेपालको आधार सूचना तथा सञ्चार प्रविधिको विस्तार कार्यक्रमको प्रत्यक्ष प्रसारण ।

४. छैठौं राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण कार्यान्वयनको प्रत्यक्ष प्रसारण ।

५. बैशाख ३१ गते प्रधानमन्त्री तथा मन्त्रीज्यूहरुको सपथको प्रत्यक्ष प्रसारण ।

६. प्रधानमन्त्रीज्यूको पदभार ग्रहणको प्रत्यक्ष प्रसारण ।

७. सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको पदभार ग्रहणको प्रत्यक्ष प्रसारण

८. प्रधानमन्त्रीज्यूबाट गोदावरीमा नवनिर्मित सभा भवनको उद्घाटनको प्रत्यक्ष प्रसारण ।

९. संचार मन्त्रालयको नियमित पत्रकार सम्मेलनको प्रत्यक्ष प्रसारण ।

## नियमित भुक्तानी र असुलीको निरन्तरता

आर्थिक प्रशासन महाशाखाले निषेधाज्ञाको अवधिमा पनि नियमित भुक्तानी एवम् असुलीको कामलाई निरन्तरता दिंदै आएको छ ।

बैशाख महिनामा कर्मचारीहरुको नियमित पारिश्रमिक भुक्तानी तथा  नेपाल सरकारसँग चालू आ.वमा माग गर्नुपर्ने अनुदान तथा ऋण लगानीको अन्तिम किस्ता रकम माग गरिएको छ । यसैगरी आगामी आ.वका लागि थप नयाँ कार्यक्रमका लागि अनुदान माग गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा प्रस्ताव सहित पत्राचार गरिएको छ । मन्त्रालयबाट उक्त प्रस्ताव स्विकृत भई अर्थ मन्त्रालयलाई अनुदान उपलब्ध गराउन सिफारिस भएको छ ।

यसका अलावा संस्थानमा कार्यरत कर्मचारीहरुको आर्थिक गर्जो टार्ने लक्ष्य सहित वितरण गरिंने गरिएको नेपाल टेलिभिजन कर्मचारी कल्याण कोषको ऋण सापटी वितरण गर्ने काम पनि यो महिना गरिएको छ ।



## योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा अन्तरगत नियमित काम बाहेक बैशाख महिनामा संस्थानका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गर्नुपर्ने मासिक विवरण तयार गरी पेश गरिएको छ । यसैगरी जापान अन्तर्राष्ट्रिय सहयोग नियोग JICA लगायतका अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य र सहयोगका लागि समन्वय गरिएको छ ।



## तीन गुणा बढी व्यापार तय

चालू आर्थिक वर्षमा एनटिभी कोहलपुरलाई रु १ करोडको व्यापारिक लक्ष्य निर्धारण गरिएको थियो । बैशाख महिना सम्म आइपुग्दा एनटिभी कोहलपुर तोकिएको लक्ष्यको तीन गुणा बढी अर्थात ३ करोड रुपैया बढी व्यापार गर्न सफल भएको छ । पछिल्लो पटक लुम्बिनी प्रदेश सरकारले आयोजना गर्न लागेको लगानी सम्मेलनको प्रचारप्रसारका लागि बृत्तचित्र निर्माण गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र एनटिभी कोहलपुरबीच रु ९ लाख बराबरको सम्झौता भएको छ । यसैगरी एनटिभी कोहलपुरबाट लोक कल्याणकारी विज्ञापन प्रसारण गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसंग पनि सम्झौता सम्पन्न भएको छ । यस्तै एनटिभी कोहलपुरबाटै बृत्तचित्र निर्माणका लागि तारा गाँउ विकास समितिसंग पनि केन्द्रीय कार्यालयले सम्झौता गरेको छ । यो संगै एनटिभी कोहलपुरको व्यापार ३ करोड १२ लाख रुपैया नाघेको छ ।।



## स्वास्थ्य मापदण्ड पालना र सुरक्षा सावधानी








कोरोना भाइरसको दोस्रो लहरसंगै मुलुक नै प्रभावित भैरहँदा सबैभन्दा छिटो र धेरै प्रभावित भएको जिल्ला हो बाँके । बाँकेको कोहलपुर स्थित यो कार्यालय र यहाँ कार्यरत जनशक्ति यसको प्रभावबाट मुक्त हुन सक्ने अवस्था रहेन । त्यसमाथि सञ्चार गृह भएकाले सञ्चारकर्मीको बाहुल्यता रहने यस कार्यालयमा पनि कोरोनाको प्रभाव पर्नसक्ने सम्भावित अवस्थालाई मध्यनजर गरी नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्ड, संस्थानले जारी गरेको स्वास्थ्य प्रोटोकल र यस च्यानल आफैंले जारि गरेका सचेतता सम्बन्धी नियमहरुको कडाइका साथ पालना गरिएको छ । यसका लागि बाहिरबाट आउने मानिसहरुको आवागमनलाई सम्भव भएसम्म कडाइ गरिएको छ । त्यस्तै कर्मचारीहरुलाई पनि कार्यालय र घरमा बस्दा कडाइका साथ स्वास्थ्य मापदण्ड पालना गर्न भनिएको छ । गेटमा ज्वरो मापन गर्ने व्यवस्था मिलाइएको छ भने साबुन पानीले हात धुनका लागि धाराको व्यवस्था गरिएको छ । मास्क, पञ्जा, स्यानिटाइजर लगायतका स्वास्थ्य सामग्रीहरुको प्रयोग अनिवार्य गरिएको छ भने कार्यस्थललाई निसंक्रमण गर्ने पनि गरिएको छ ।।

## कोरोनाको प्रभाव कर्मचारी र कार्यक्रममा



सम्पूर्ण स्वास्थ्य मापदण्ड पालना गर्दा गर्दै पनि यो क्षेत्र अत्यधिक प्रभावित भएकाले यहाँ कार्यरत केही कर्मचारीहरु पनि संक्रमित हुन पुगेका छन् । हाल सम्म कोरोना प्रभावित सम्पूर्ण कर्मचारीहरुको स्वास्थ्य अवस्था सामान्य छ । कर्मचारीहरु संक्रमित हुँदा दैनिक प्रशासनिक तथा प्रसारणको काममा प्रभाव परेपनि अन्य कर्मचारीहरुको निरन्तरको मिहिनेतले च्यानल निर्वाध रुपले सञ्चालन भैरहेको छ । संक्रमित कर्मचारीहरुको स्वास्थ्य अवस्था बुझ्दै उनीहरुलाई सक्दो सहयोग गर्ने र कार्यालयमा निरन्तर काम गरिरहेका कर्मचारीहरुको मनोबल उकास्ने गरी एनटिभी कोहलपुर व्यवस्थापनले काम गरिरहेको छ । कोरोनाको प्रभाव यस च्यानलबाट निरन्तर उत्पादन र प्रसारण भैरहेका कार्यक्रमहरुमा पनि परेको छ । बाँकेमा जारी गरिएको निषेधाज्ञासंगै एनटिभी कोहलपुरबाट निर्माण भैरहेका आन्तरिक कार्यक्रमहरुको निर्माण हाललाई रोकिएको छ । तर समाचार, समाचारमूलक कार्यक्रम एवं प्रदेश तथा स्थानीय सरकारसंगको सहकार्यमा निर्माण तथा प्रसारण भैरहेका कार्यक्रमहरु भने निरन्तर चलिरहेका छन् ।।

## प्रशासनिक गतिविधि प्राथमिकतामा

एनटिभी कोहलपुरको कार्यालय भवन र कार्यालय परिसरमा रहेका अन्य भवनहरुको रंगरोगनपछि कार्यालय तथा आवास भवनहरुको मर्मत सम्भार पनि गरिएको छ । झ्याल ढोका, फर्निचर लगायत अन्य विविध कुराहरुको मर्मत सम्भार गरिएको छ । यस्तै कार्यालय र यहाँ रहेका महत्वपूर्ण सामान/उपकरणहरुको सुरक्षा सम्बेदनशिलतालाई मध्यनजर गरी बैशाख महिना देखि सुरक्षा गार्डको व्यवस्था गरिएको छ । स्थानीय सुरक्षा सेवा प्रदायक कम्पनीसंग सम्झौता गरी एनटिभी कोहलपुरमा सुरक्षा गार्डको व्यवस्था मिलाइएको हो । यसैगरी समाचार कक्षलाई कार्यमैत्री बनाउन यसको सुदृढिकरण गरिएको छ । समाचारको सम्वेदनशिलता र समाचारकर्मीलाई आबश्यक पर्ने पूर्वाधारहरुलाई समेत दृष्टिगत गरी समाचार कक्ष व्यवस्थित र प्रविधिमैत्री तथा कार्यमैत्री बनाइएको छ ।।

## कार्यक्रम उत्पादनमा कोरोनाको प्रभाव

एनटिभी इटहरी च्यानलले बैशाख महिनाबाट विभिन्न नयाँ कार्यक्रमको उत्पादन तथा प्रसारण शुरु गरेको छ । नयाँ वर्ष बैशाख १ गतेबाट इटहरी च्यानलले ९ वटा नयाँ कार्यक्रमहरुको उत्पादन तथा प्रसारण शुरु गरेको हो । विहानीको प्रसारणमा सूर्योदय फिटनेश साताको ४ दिन र सूर्योदय योगा ३ दिन प्रसारण भैरहेको छ । यसैगरी प्रत्येक शनिवार प्रायोजित कार्यक्रम नभएका दिनमा विहानी ८ वजे र प्रायोजित कार्यक्रम भएका दिनमा विहान ९ वजे भविष्यफल नामक कार्यक्रमको प्रत्यक्ष प्रसारण भैरहेको छ । यसैगरी साँझको समयमा साप्ताहिक कार्यक्रमहरु प्रदेश प्रसंग, हाम्रो स्वास्थ्य र स्पोर्टस् टाइमको उत्पादन तथा प्रसारण भैरहेको छ । कार्यक्रम न्यूज इन डेफ्थ र तेश्रो आँखा पाक्षिकरुपमा प्रसारण भैरहेकामा कोभिड महामारीका कारण हालका लागि स्थगित गरिएको छ । त्यसैगरी विभिन्न स्थानीय सरकारसंग सम्झौता भएको अवस्थामा पनि कोभिडको महामारीले नागरिकसंग जनप्रतिनिधि नामक कार्यक्रमको उत्पादन तथा प्रसारण पनि हालका लागि रोकिएको छ । यसैगरी एनटिभी इटहरीमा बैशाख महिनाबाटै न्यूज पार्क मिडियाले समय किनेर कार्यक्रम प्रसारण शुरु गरेको छ । न्यूज पार्कले पाक्षिक कार्यक्रम जनचासोको प्रसारण गरिरहेको छ ।



## कोरोनाकै बीचमा दैनिक काम

विश्वव्यापी महामारी कोभिडको उच्च जोखिम क्षेत्रमा इटहरी पनि रहेको छ । तर कोभिडका बीच पनि एनटिभी इटहरीमा कार्यक्रम उत्पादन तथा प्रसारण र दैनिक कार्य सञ्चालनको काम भैरहेको छ । कोभिड परिक्षणमा हालसम्म ३ जना कर्मचारीहरुमा पोजिटिभ नतिजा आएको छ । प्रभावित कर्मचारीहरु होम आइसोलेशनमै रहनु भएको छ । कार्यालयको दैनिक कार्य सञ्चालनका लागि पनि सम्भव भएसम्म आलोपालोको व्यवस्था गरिएको छ । च्यानलमा स्वास्थ्य सुरक्षाका संपूर्ण सतर्कता र सावधानी अपनाउन लगाइएको छ ।।

